युनियन हाइड्रोपावर लिमिटेड
ललितपुर-३, धोबिघाट
फोन नं.: ०१-५५२५४०६

# तेह्रौं र चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०२/३१**

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०७८/०२/२३ को निर्णय बमोजिम कम्पनीको तेह्रौं (आ.व. २०७५/२०७६) र चौधौं (आ.व.२०७६/२०७७) वार्षिक साधारण निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०७८ साल असार २५ गते (जुलाई ९,२०२१)

समय : बिहान ११ :०० बजे देखि

स्थान : ललितपुर ३, धोबिघाट स्थित कम्पनीको रजिष्ट्र्ड कार्यलयबाट Virtual (Zoom App) मार्फत सभा संचालन गरिनेछ ।

## तेह्रौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि पेश गर्ने विषयहरू

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा आर्थीक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षणको प्रतिवेदन सहित आर्थीक वर्ष २०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगाएतका वित्तिय विवरणहरुमाथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) आ.व.२०७६/०७७ को लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरिक्षक श्री एन. बि.एस.एम.एण्ड एसोसिएट्सको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरिएकोलाई स्विकृत गर्ने सम्बन्धमा ।

४) बिबिध ।

## चौधौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि पेश गर्ने विषयहरू

**साधरण प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा आर्थीक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षणको प्रतिवेदन सहित आर्थीक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगाएतका वित्तिय विवरणहरुमाथि छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।

३) आ.व.२०७७/०७८ को हिसाब किताब लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा । लेखापरिक्षक श्री एन.बि.एस.एम.एण्ड एसोसिएट्स यस आ.व. को लागि नियुक्ति गर्न योग्य हुनुहुन्छ ।

४) संचालक समितिका पदाधिकारीको बैठक भत्ता तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

५) कम्पनीको नियमावलिमा ब्यवस्था भए बमोजिम कम्पनीका शेयर धनिहरु मध्येबाट संस्थापक समुहबाट तिन जना र सर्वसाधरण समुहवाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित तिन जना समेत कुल ६ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**विशेष प्रस्ताव**

१) कम्पनीको नियमावली संशोधन गर्ने सम्बन्धमा ।

२) कम्पनीद्धारा प्रर्वधित मिदिम खोला करापु ज.वि.आ. (३.मे.वा.) को लागि लिइएको ऋण व्यवस्थापन र अन्य आयोजनाहरुको अध्ययन तथा बिकासका लागि आवश्यक रकमको लागि हकप्रद शेयर जारी गरी पूँजी उठाउने सम्बन्धमा ।

३) कम्पनीले अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरुको छुट्टै कम्पनी खोली आयोजनाको अनुमतिपत्र हस्तान्तरण गर्न, स्वदेशी तथा विदेशी लगानीकर्ताहरु खोज्न र बैंक वित्तिय संस्थासँग समन्वयन गरि Financial Closure गर्ने समेतको अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।

४) बिबिध ।

## तेह्रौं र चौधौं वाषिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरु

१) हालको कोभिड १९ को माहामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पुर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थिका कारण भर्चुअल माध्यमबाट उपस्थित भईदिन हुनको निमित्त हार्दिक अनुरोध छ। भर्चुअल माध्यमबाट भएको उपस्थितीलाई अभिलेख गराउन चाहाने शेयरधनीले साधारण सभा हुनु सात दिन अगावै देखी कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी कापीमा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछि भर्चुअल माध्यमबाट उपस्थित हुन सक्नु हुनेछ ।

२) भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थिती सभा हलमा उपस्थित भए सरह मान्यता दिइने ब्यहोरा समेत जानकारी गराउदछौं । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्द्धिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ । तर संचालक निर्वाचनको लागि सभास्थलमा उपस्थित हुँदा निर्वाचन अधिकृतले तोकेको मापदण्ड (तोकेको स्वास्थ्य मापदण्ड समेत) पुरा गरी मतदानमा सहभागी हुन र मतदान गर्न सकिने छ ।

३) भेचुअल माध्यमबाट उपस्थित शेयरधनिहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ । साथै सभा संचालन अवधिभरिको भिडियो रेकडिङ्ग गरिनेछ ।

४) Meeting ID / Password को निमित्त कम्पनीको इमेल unionhppl@gmail.com मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने ब्यवस्था गरिएकको ब्यहोरा पनि जानकारी गराउदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनिहरुको पहिचान Verification गरि ID / Password समयमै पठाउन आई पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगाबै ID / Password लिन समेत अनुरोध छ । साथै सोहि Email Address मा साधारण सभाको प्रतिवेदन समेत पठाइनेछ ।

५) भेचुअल माध्यमबाट आफ्नो मन्तब्य राख्न चाहानुहुने शेयरधनि महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक इमेल unionhppl@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनुहुन अनुरोध छ ।

६) वार्षिक साधरण सभा गर्ने प्रयोजनाको लागि कम्पनीको शेयरको दर्ता किताव (शेयर दाखिल खारेज) मिति २०७८/०३/१५ देखि २०७८/०३/२५ सम्म बन्द रहने छ ।

७) वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुत्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधीपत्र भरी प्रतिनिधी नियुत्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधिले सो प्रोक्सी काठमाण्डौ, नयाँ बानेश्वर स्थित शेयर रजिष्ट्रार लक्ष्मी क्यापिटल मार्केट लि. वाट प्रमाणित गराई सभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनी मा दर्ता गर्नु पर्नेछ । सो समयवधी नघाई प्राप्त हुन आएको प्रोक्सी मान्य हुनेछैन । प्रतिनिधि नियुत्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठीत संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

९) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तरगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

१०) साधरण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ललितपुर ३, धोबीघाटमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.unionhydropower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

११) चौधौं साधारण सभाबाट कम्पनीका संचालकहरुको निर्वाचन हुनेछ । कम्पनीका संचालकहरुको निर्वाचन गर्ने प्रायोजनको निमित्त निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना मिति २०७८ असार १० गते यस कम्पनीमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिने छ र सोही अनुसार संचालकहरुको निर्वाचन हुनेछ ।